मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २२२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं ११ गते बिहीबार ❑ 27 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## भोटेकोशी बाढी: १५७ जनाको मृत्यु

रासस
काठमाडौं, १० भदौं

भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण ज्यान गुमाउनेको संख्या लगातार बढिरहेको छ । बुधबार रातिसम्मको तथ्यांक अनुसार १५७ जनाको मृत्यु पुष्टि भएको नेपाल प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार बाढीले बगाएका शव रसुवादेखि तल्लो तटीय क्षेत्र र छिमेकी जिल्लाहरूमा समेत फेला परिरहेका छन् । हालसम्म चितवनमा सबभन्दा बढी ६४ जनाको शव फेला परेको छ भने धादिङमा २७, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा २२, गोरखामा १९, नुवाकोटमा १३, तनहुँमा ९ र रसुवामा ३ जनाको शव फेला परेको प्रहरीले जनाएको छ।



बाढीका कारण नेपाल प्रहरीका २८ जना कर्मचारी अझै सम्पर्कविहीन छन् । इलाका प्रहरी कार्यालय टिमुरेका २३ मध्ये १३ जना, प्रहरी चौकी स्याफ्रुबेसीका ८ मध्ये ५ जना र प्रहरी चौकी हाकुका ६ मध्ये ५ जना मात्र सम्पर्कमा आएका छन् ।

त्यस्तै, प्रहरी चौकी बेत्रावतीका १० मध्ये ९ जना र अस्थायी प्रहरी पोष्ट मैलुङका ८ मध्ये ३ जना सम्पर्कमा आएका छन् भने प्रहरी चौकी रसुवागढीका ९ जनामध्ये १ जना मात्र सम्पर्कमा आएका छन् । घटनामा परी घाइते भएका ४१ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ । बुधबार बिहान भोटेकोशी नदीमा अचानक आएको लेदोसहितको ठूलो बाढीले तटीय क्षेत्रमा विनाश निम्त्याएको हो ।

बाढीका कारण सुरक्षाकर्मी, पर्यटक र स्थानीय कर्मचार ीसहित ठूलो संख्यामा मानिसहरू सम्पर्कविहीन भएका छन् । पर्यटकीय क्षेत्र भएकाले बाढीको जोखिममा ठूलो संख्यामा पर्यटकहरू परेका छन् । हालसम्म ३९१ जना विदेशी र ९३ जना स्वदेशी गरी ४८४ जना पर्यटक सम्पर्कविहीन रहेको पुष्टि भएको छ । बाढीमा परेर जलविद्युत आयोजनामा कार्यरत १९६ भन्दा बढी कर्मचारी तथा कामदार पनि सम्पर्कविहीन छन् । नेपाल विद्युत प्राधिकरणको पछिल्लो तथ्यांक अनुसार बाढीमा परी १९६ जना भन्दा बढी कर्मचारी र कामदार सम्पर्कविहीन भएका हुन् । यसमा विदेशी कामदार पनि छन् । भोटेकोशी-त्रिशूलीमा गएको बाढीका त्रिशूली नदीमा रहेका कम्तीमा १९ वटा पुलमा क्षति भएको सडक विभागले जनाएको छ । सडक विभागका उपमहानिर्देशक तथा प्रवक्ता शुभराज न्यौपानेका अनुसार बाढीका कारण हालसम्म त्रिशूली नदीमा रहेका कम्तीमा १९ वटा पुलमा क्षति पुगेको छ । त्यस्तै, कम्तीमा ४० किलोमिटर सडकमा क्षति पुग्नुका साथै सडक भत्किएको उहाँको भनाइ छ । न्यौपानेका अनुसार क्षतिग्रस्त क्षेत्रमा सडक विभागले भारी उपकरण तथा मेसिन परिचालन गरी सडक तथा पुलको अवस्था सुधार गर्ने काम अघि बढाएको छ ।

## ४०३ पर्यटक सम्पर्कविहीन, कुन देशका कति ?

रासस
काठमाडौं, १० भदौं

रसुवाको भोटेकोशीमा आएको बाढीमा परेर ४०३ पर्यटक सम्पर्कविहीन भएका छन् ।

नेपाल पर्यटन बोर्डले दिएको जानकारीअनुसार बुधबार बिहान भोटेकोशीमा आएको बाढीमा परेर ६२ नेपाली र ३४१ विदेशी पर्यटक सम्पर्कविहीन भएका हुन् ।

पर्यटन बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत (सिइओ) हिक्मतसिंह ऐरले विभिन्न कम्पनीमार्फत गोसाइँकुण्ड र कैलाश मानसरोवर गएका ४०३ पर्यटक सम्पर्कविहीन भएको जानकारी दिनुभयो ।

सम्पर्कविहीन हुनेमा २०३ पुरुष र २०० महिला रहेका छन् । बेपत्ता हुनेमा सबैभन्दा धेरै भारतीय पर्यटक रहेका छन् । हालसम्म भारतका १३३, अमेरिकाका ४७, अष्ट्रेलियाका ३४ जना, संयुक्त अधिराज्य बेलायतका ३३ जना, क्यानडाका २४ जना, मलेसियाका १९ जना, युक्रेनका सात जना, सिङ्गापुर र दक्षिण अफ्रिकाका छ/छ जना, न्युजिल्याण्ड र जापानका पाँच/पाँच जना रहेका छन् ।

यसबाहेक जर्मनी, फ्रान्स, रुस, स्पेन, आयरल्याण्ड, नेदरल्याण्ड लगायतका २५ भन्दा बढी देशका नागरिक बाढीमा परेर सम्पर्कविहीन भएको नेपाल पर्यटन बोर्डले जनाएको छ ।

बाढीले टिमुरे र स्याफ्रुबेंसी क्षेत्रका बस्ती, प्रहरीचौकी र भन्सार कार्यालयमा ठूलो क्षति पुऱ्याएको छ । बाढीका कारण रसुवागढी नाका जोड्ने सडक र पुलहरू समेत क्षतिग्रस्त भएको छ । नेपाल पर्यटन बोर्डले कुनै पनि जानकारी वा सहयोगका लागि टोल फ्री नम्बर १२३४, हटलाइन नम्बर ११४४ र पर्यटन प्रहरी ९८५१२८९४४५ मा सम्पर्क गर्न भनेको छ ।

## विपद्मा सरकार र दल एकढिक्का भएर उद्धारमा जुट्नुपर्छ: रास्वपा सभापति लामिछाने

रासस
काठमाडौं, १० भदौं

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले प्राकृतिक विपद्को सामना गर्न सरकार र सबै राजनीतिक दल एकढिक्का भएर राहत तथा उद्धारमा परिचालित हुन आह्वान गर्नुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकको आकस्मिक समयमा उहाँले दलका राहत तथा उद्धारमा दक्ष, जानकार र तालिमप्राप्त जनशक्तिलाई सरकारी निकाय तथा स्थानीय प्रशासनसँग समन्वय गरी प्रभावित क्षेत्रमा परिचालन गर्न आग्रह गर्नुभयो । उहाँले राहत र उद्धारका लागि राजनीतिक दलहरूले एकीकृत खाका बनाएर काम गर्नुपर्ने तथा कुनै दलको झण्डाभन्दा देशको झण्डामुनि एकजुट हुनुपर्ने बताउनुभयो । "यो विपत्तिमा पक्ष-प्रतिपक्ष होइन, एकैसाथ सरकारको साथमा छौं भन्ने जुन उच्च राजनीतिक संस्कारको प्रदर्शन भयो, म विपक्षीलाई धन्यवाद दिन चाहन्छु," उहाँले भन्नुभयो । उहाँले बिहानैदेखि प्रधानमन्त्री, गृहमन्त्री, स्वास्थ्यमन्त्रीलगायत सम्बन्धित सरकारी संयन्त्रका अधिकारीसँग निरन्तर सूचना आदानप्रदान र विपद् व्यवस्थापनका रणनीतिबारे आफूले छलफल गरिरहेको जानकारी दिनुभयो ।

सरकारले आफ्नो सम्पूर्ण सामर्थ्य नागरिकको जीवन रक्षामा लगाउने विश्वास व्यक्त गर्दै उहाँले प्रभावित क्षेत्रमा पर्याप्त सुरक्षा, जनशक्ति तथा सम्भव भएसम्म सबै स्रोतसाधन परिचालन गर्न आग्रह गर्नुभयो ।

"नागरिकको ज्यान बचाउने कुरा यतिखेर सबैभन्दा महत्वपूर्ण कुरा हो," रास्वपा सभापति लामिछानेले भन्नुभयो, "सरकारले आफ्नो सम्पूर्ण सामर्थ्य सबैभन्दा पहिला नागरिकलाई बचाउनमा लगाउनेछ भन्ने विश्वास छ ।" उहाँले बाढी प्रभावित रसुवा र धादिङका नदी तटीय क्षेत्रका बासिन्दालाई थप क्षति हुन नदिन सचेत रहन, धैर्य धारण गर्न र सरकारी संयन्त्रको सम्पर्कमा रहन आग्रह गर्नुभयो ।

सबै राजनीतिक दल एक ठाउँमा उभिनुपर्ने प्रतिबद्धता आएको उल्लेख गर्दै सभापति लामिछानेले दलहरूसँग रहेका राहत तथा उद्धार संयन्त्रलाई सरकारसँग समन्वय गरी परिचालन गर्न आग्रह गर्नुभयो ।

विसं २०७२ को भूकम्पमा राजनीतिक दलहरूले देखाएको उच्च राजनीतिक संस्कार स्मरण गर्दै उहाँले विपद्का बेला राजनीतिक स्वार्थभन्दा माथि उठेर नागरिक सेवामा केन्द्रित हुनुपर्ने बताउनुभयो ।

संसद्को सबैभन्दा ठूलो राजनीतिक दलका रूपमा रास्वपाले विपद् व्यवस्थापनमा बढी जिम्मेवारी लिनुपर्ने उल्लेख गर्दै सभापति लामिछानेले आवश्यक समन्वयका लागि पार्टीले अग्रसरता लिने जानकारी दिनुभयो । आवश्यक परे सबै दलको बैठकमार्फत समन्वयकारी भूमिका निर्वाह गर्ने उहाँको भनाइ थियो ।

## एमालेका ४ मन्त्रीले दिए राजीनामा

पोखरापत्र संवाददाता
पोखरा, १० भदौं

गण्डकी प्रदेश सरकारमा सहभागी नेकपा एमालेका चार मन्त्रीले बुधबार सामूहिक राजीनामा दिनुभएको छ । एमाले गण्डकी प्रदेश संसदीय दलको बैठकले सरकारबाट बाहिरिने निर्णय गरेसँगै मन्त्रीहरूले मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेसमक्ष राजीनामा पत्र पेश गर्नु भएको हो ।





राजीनामा दिनेमा भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री गोविन्दबहादुर नेपाली, उद्योग तथा पर्यटनमन्त्री यशोदा रिमाल, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री भीमबहादुर कार्की र स्वास्थ्य मन्त्री लक्ष्मणबहादुर पाण्डे रहनु भएको छ । एमालेबाट सरकारको नेतृत्व गरेका मन्त्री गोविन्दबहादुर नेपालीले पार्टीको निर्णयअनुसार आफूहरूले राजीनामा दिएको जानकारी दिनुभयो । यसअघि मंगलबार बसेको एमाले संसदीय दलको बोर्ड बैठकले सरकारबाट आफ्ना मन्त्रीहरू फिर्ता बोलाउने निर्णय गरेको थियो । त्यसलाई बुधबार बसेको संसदीय दलको बैठकले औपचारिकता दिएको हो ।

केन्द्रमा नेकपा एमाले र नेकपा नेतृत्वबीच नयाँ राजनीतिक सहकार्य सुरु भएपछि त्यसको प्रभाव प्रदेश सरकारमा समेत परेको हो । एमाले र नेकपाबीच प्रदेश सरकारमा सत्ता सहकार्य गर्ने सहमति बनेपछि गण्डकीमा कांग्रेस नेतृत्वको सरकारबाट एमाले बाहिरिएको हो । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गत वैशाख २ गते मन्त्रिपरिषद् पुनर्गठन गर्दै एमालेका चार मन्त्रीलाई सरकारमा सहभागी गराउनु भएको थियो । तर उहाँहरु आफूहरूले बनाएको बजेट कार्यान्वयनमा जान नपाउँदै छोटो समयमै सरकारबाट बाहिरिनुपरेको छ । एमाले सरकारबाट बाहिरिएसँगै गण्डकीमा नयाँ सत्ता समीकरणको चर्चा पनि सुरु भएको छ । ६० सदस्यीय प्रदेश सभामा मनाङबाट निर्वाचित स्वतन्त्र सांसद राजीव गुरुङ 'दीपक मनाङे' पदमुक्त भएपछि हाल ५९ सांसद छन् । सरकार गठनका लागि कम्तीमा ३० सांसदको समर्थन आवश्यक पर्छ ।

हाल नेपाली कांग्रेससँग २७ र एमालेसँग २२ सांसद छन् । नेकपासँग सभामुखबाहेक ६ सांसद छन् । एमाले र नेकपाबीच सहकार्य भए पनि सरकार गठनका लागि आवश्यक बहुमत जुटाउन राप्रपाको समर्थन निर्णायक हुने देखिएको छ । राप्रपाका दुई सांसदले नयाँ गठबन्धनलाई समर्थन गर्ने विषयमा हालसम्म स्पष्ट निर्णय गरेका छैनन् । यसअघि कांग्रेस-एमालेबीच भएको सहमतिअनुसार २०८३ असार मसान्तपछि मुख्यमन्त्री पाण्डेले एमाले नेता खगराज अधिकारीलाई सत्ता हस्तान्तरण गर्ने अपेक्षा गरिएको थियो । तर केन्द्रमा विकसित नयाँ राजनीतिक समीकरणसँगै उक्त सहमति कार्यान्वयन हुन सकेन् ।

एमाले र नेकपाबीच नयाँ सत्ता सहकार्यको सहमति बनेपछि अधिकारीलाई मुख्यमन्त्री बनाउने प्रयास अघि बढे पनि राप्रपाको समर्थनबिना आवश्यक बहुमत नपुग्ने अवस्था छ । त्यसैले गण्डकीमा तत्कालै नयाँ सरकार गठन हुने सम्भावना सहज देखिएको छैन । यता, एमाले सरकारबाट बाहिरिए पनि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नेपाल समाजवादी पार्टी (नेसपा)को समर्थन भने मुख्यमन्त्री पाण्डे नेतृत्वको सरकारलाई कायमै रहेको कांग्रेस नेताहरूको दाबी छ । राप्रपा तत्काल सरकारमा सहभागी नहुने पक्षमा देखिएको छ ।

नेसपाका एक मात्र सांसद फणीन्द्र देवकोटालाई भने मुख्यमन्त्री पाण्डेले सरकारमा सहभागी गराउने तयारी गरेको कांग्रेस स्रोतले जनाएको छ । देवकोटा यसअघि पनि दुईपटक मन्त्री भइसक्नु भएको छ ।

# पर्यटन पूर्वाधारमा ६ करोड ५० लाख

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १० भदौं

स्याङ्जामा चालु आर्थिक वर्ष २०८३/८४ मा ६ करोड ५० लाख रुपैयाँको लागतमा पर्यटन पूर्वाधारका संरचना निर्माण हुने भएका छन् ।

पर्यटन पूर्वाधारका १०२ वटा संरचना निर्माणका लागि ६ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन भएको छ।

जिल्लाका ११ स्थानीय तहमध्ये १० वटा स्थानीय तहमा पर्यटन पूर्वाधारका साना र ठूला गरी १०२ संरचना निर्माणमा ६ करोड ५० लाख रुपैयाँ बजेट सुनिश्चित गरिएको हो । १० वटा स्थानीय तहलाई योजना र बजेट सुनिश्चित हुँदा हरिनास गाउँपालिकालाई योजना र बजेट विनियोजन भएको छैन् ।

चालु आर्थिक वर्षमा पर्यटन पूर्वाधार निर्माण, प्रवर्द्धन र संरक्षणका १०२ योजनामा ६ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन भएको एकीकृत सेवा कार्यालय स्याङ्जाका प्रमुख जीवन पौडेलले जानकारी दिए । उनका अनुसार पर्यटन पूर्वाधारतर्फ पर्यटकीय स्थल, प्याराग्लाईडिङ्ग, सामुदायिक होमस्टे, ट्रेकिङ्ग, पदमार्ग, जातीय संग्रहालय, मठमन्दिर र पार्कसहितका संरचना निर्माण हुने छन् । पर्यटकीय स्थलको निर्माण तथा विस्तारमध्ये पुतलीबजार नगरपालिकामा ८५ लाख रुपैयाँको लागतमा १५ वटा संरचना निर्माण हुनेछ भने र वालिङ् नगरपालिकामा १५ वटै योजनाका लागि ८५ लाख रुपैयाँ विनियोजन भएको कार्यालयले जनाएको छ । भीरकोट नगरपालिकामा ६० लाखमा १० संरचना, गल्याङ् नगरपालिकामा ९ वटा योजनालाई ५५ लाख रुपैयाँ विनियोजन भएको छ भने चापाकोट नगरपालिकामा ५५ लाखका ७ वटा संरचना निर्माण हुने कार्यालयले जनाएको छ।



त्यस्तै आँधीखोला गाउँपालिकामा एक करोड १५ लाख रुपैयाँको १४ वटा संरचना र कालीगण्डकी गाउँपालिकालाई १४ वटै योजनामा ९० लाख रुपैयाँ विनियोजन भएको छ । फेदीखोला गाउँपालिकामा ६५ लाख रुपैयाँको लगानीमा १० संचरना निर्माण हुनेछ भने बिरुवा गाउँपालिकामा पाँच योजनालाई २५ लाख रुपैयाँ र अर्जुनचौपारी गाउँपालिकामा २० लाख रुपैयाँको लागतमा तीन वटा संचरना निर्माण हुने कार्यालयले जनाएको छ । पर्यटन पूर्वाधारमा पदमार्ग निर्माण, होमस्टेको स्तरोउन्नती, प्याराग्लाईडिङ्ग, मठमन्दिर, मस्जिदको प्रवर्द्धन र मगर, गुरुङ् तथा नेवार संग्रहालय निर्माणलगाएतका संरचना समावेश गरिएको छ। पर्यटकीय स्थलको विकास, गुफाको संरक्षणसँगै पार्क निर्माणमा मोटो रकम खर्च गर्ने लक्ष्य राखिएको सेवा कार्यालयका पर्यटन शाखा प्रमुख कृष्ण लम्सालले जनाए।

प्रदेश सरकारले पर्यटन पूर्वाधारमा करोडौं लगानी गर्दा त्यसको प्रतिफल लिनेतर्फ स्थानीयले समयमै अग्रसरता देखाउनु पर्नेमा जिल्लाका पर्यटन व्यवसायी अनन्तकुमार श्रेष्ठले जोड दिए । राज्यले पर्यटकीय क्षेत्रको प्रवर्द्धन, संरक्षण र विस्तारमा लगानी केन्द्रित गर्दा स्थानीयले प्रतिफल लिने गरी आवश्यक रणनीति निर्माणमा ध्यान दिनुपर्ने आवश्यकता रहेको व्यवसायी श्रेष्ठले बताए।

त्यसैगरी सेवा कार्यालयबाट चालु आर्थिक वर्ष २०८३/८४ मै जिल्लाका पाँच नगरपालिकामा ७६ वटा कार्यक्रमका लागि चार करोड ४३ लाख रुपैयाँ र ६ गाउँपालिकातर्फ ७५ वटा कार्यक्रमलाई चार करोड ६० लाख रुपैयाँ गरी कुल १५१ वटा सामाजिक विकासका गतिविधिमा ९ करोड तीन लाख रुपैयाँ बजेट खर्च गरिने भएको छ । खासगरी विद्यालयका संरचना निर्माण र मर्मत, रंगशाला-खेलमैदानको व्यवस्थापन र क्लब तथा सामुदायिक भवन निर्माणमा बजेट खर्च हुने कार्यालयले जनाएको छ।

सामाजिक विकासअन्तर्गत नगरपालिकातर्फ वालिङमा २६, चापाकोटमा २१, गल्याङमा १५ पुतलीबजार र भीरकोटमा ७/७ वटा कार्यक्रम संचालन गरिने भएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार गाउँपालिकातर्फ कालीगण्डकीमा २५, अर्जुनचौपारीमा १४, आँधीखोलामा १२, फेदीखोलामा ११, बिरुवामा ८ र हरिनासमा ५ वटा कार्यक्रम संचालन गरिने छ।

# पोखरा उद्योग वाणिज्य संघका ८ उमेदवारहरुले बनाए चुनावी परिचालन समिति

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं

आसन्न पोखरा उद्योग वाणिज्य संघको ७२ औं अधिवेशन तथा ३६औं महाधिवेशन सदस्यका ८ आकाक्षी उमेदवारहरुले चुनाव परिचालन समिति गठन गरेका छन् ।

सुर्यराज घिमिरे संयोजक रहेको समितिमा प्रचारप्रसार संयोजक मनोहरि पौडेल वस्तुगत समन्वय संयोजक नवीन नापित रूट व्यवस्थापन संयोजक अंमृत पोखरेल स्वयंसेवक परिचालन संयोजक भानुभक्त अधिकारी सचिवालय व्यवस्थापन संयोजक राम कडेल अर्थ व्यवस्थापन संयोजक दुर्गा बराल यातायात व्यवस्थापन संयोजक कमल सुनार रहेका छन । पोखरा उद्योग वाणिज्य संघको विधान बमोजिम कार्यसमिति सदस्य खुलामा १० जना निर्वाचित हुने व्यवस्था रहेकोमा उक्त पदका इच्छुक उमेदवारहरुबीच भएको छलफलबाट ८ जना सदस्यका उमेदवारहरू एकाकार भएर अध्यक्ष तथा पदाधिकारीहरूको साझा कार्यसमिति सदस्यको उम्मेदवारका रूपमा एकजुट भई प्रस्तुत हुने सहमती अनुसार झव्यवसायीको बलियो आवाज, साझा प्रतिवद्वता सयुक्त सदस्यहरूको उमेदवारी, भन्ने नाराका साथ व्यवसायीहरूको घरदैलोमा जाने निर्णय भएको सदस्यका उमेदवार तथा संयोजक सुर्यराज घिमिरेले बताए । कार्यसमिति सदस्य पदका उमेदवारहरु अमृत पोखरेल, सुर्यराज घिमिरे (सुरेश) दुर्गा बराल, नविन नापित,मनोहरि पौडेल,राम कँडेल, कमल बहादुर सुनार, भानुभक्त अधिकारी रहेका छन् ।

आम पोखरेली उद्योगी व्यवसायीहरुको चाहना अनुसार पोखरा उद्योग वाणिज्य संघको भदौ २० र २१ गते सम्पन्न हुने ३६औं महाधिवेशनमा निर्वाचन जित्नेमात्र नभई पोखरा उद्योग वाणिज्य संघलाई अझ बलियो, एकताबद्ध र प्रभावकारी संस्थाका रूपमा अघि बढाउने उद्देश्यका साथ निर्वाचन पश्चात् समेत आपसी सहकार्यलाई निरन्तरता दिने निर्णय गर्दै निर्वाचनका लागि साझा घोषणापत्र, एउटै एजेन्डा र स्पष्ट सन्देश तयार गरी संघका सम्पूर्ण सदस्यहरूसँग प्रत्यक्ष भेटघाट तथा अन्तरक्रिया गर्ने निर्णय गरीएको सदस्यका उमेदवार तथा प्रचारप्रसार संयोजक मनोहरि पौडेलले बताए ।

यसै बिच पोखरा उद्योग वाणिज्य संघको ३६औं महाधिवेशन अन्तर्गत उम्मेदवारको अन्तिम नामावली प्रकाशनमा केही उमेदवारको उम्मेदवारी विरुद्ध उजुरी परेकोमा निर्वाचन समितिले पुर्वाग्रहपुर्ण रूपमा कायम राखेकोमा समेत आपत्ति प्रकट गरेको छ।

# प्रहरी सुरक्षित भए मात्रै नागरिक सुरक्षित: प्रहरी महानिरीक्षक कार्की

**पोखरापत्र संवाददाता**
बागलुङ, १० भदौं

नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले प्रहरी सुरक्षित भएमा मात्रै नागरिकलाई उच्च मनोबलका साथ सुरक्षित गर्न तैनाथ हुने बताउनुभएको छ । उहाँले प्रहरी र नागरिकको सहकार्यबाट मात्रै सभ्य तथा अपराधरहित समाज निर्माण गर्न सकिने बताउनुभयो ।

जिल्ला प्रहरी कार्यालय बागलुङमा निर्माण सम्पन्न भएका चार ब्यारेक तथा आवास भवनको आज एक कार्यक्रमबीच उद्घाटन गर्दै महानिरीक्षक कार्कीले समुदायको अपनत्व र साथबिना प्रहरी सफल हुन नसक्ने बताउनुभयो । अपराध कम गर्न तथा अनुसन्धानमा नागरिकको महत्वपूर्ण भूमिका रहने उहाँको भनाइ थियो । दिनभर सुरक्षामा खटिएको प्रहरीलाई आराम गर्ने कक्षको बागलुङ सदरमुकाममै अभाव भएकामा भवन बनेपछि सहज भएको उहाँले बताउनुभयो ।

जिल्ला प्रहरी कार्यालयमा रु नौ करोड ७१ लाखको लागतमा ब्यारेक, मेस, हिरासत कक्ष र वरिष्ठ प्रहरी अधिकृत आवास तथा कार्यालय प्रमुख निवास गरी चार भवन निर्माण गरिएका छन् । नागरिक प्रहरी कार्यालयमा आउँदा आफ्नै घर सम्झेर विश्वासका साथ आउने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिँदै महानिरीक्षक कार्कीले प्रहरीलाई थप प्रविधिमैत्री र परिस्कृत बनाउन आवश्यक रहेको बताउनुभयो । नेपालभर २८५ वटा प्रहरी युनिट जोखिमपूर्ण अवस्थामा छन् भने थप ९७० प्रहरी युनिटको माग भइरहेको उहाँले बताउनुभयो ।

विसं २०७९ देखि निर्माण सुरु गरिएको जिल्ला प्रहरी कार्यालयको उक्त भवन २०८३ जेठमा सम्पन्न भएकाले प्रहरीले भाडामा बस्नुपर्ने अवस्थाको अन्त्य भएको प्रहरी उपरीक्षक फडिन्द्र प्रसाईले जानकारी दिनुभयो ।

# गोरखामा आठ शव फेला, बाढीले दुई झोलुङ्गे पुल बगायो

**पोखरापत्र संवाददाता**
गोरखा, १० भदौं

भोटेकोशी नदीमा गएको बाढीपछि गोरखा जिल्लासित जोडिएको क्षेत्रमा आठ जनाको शव फेला परेको छ।

जिल्ला प्रहरी कार्यालय गोरखाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठका अनुसार प्रहरीले त्रिशूली नदीको गोरखातर्फको बगरमा ती शव फेला पारेको हो ।

गण्डकी गाउँपालिका-८ धवादीघाटस्थित नदी किनारमा एक पुरुषको शव फेला परेको छ । यस्तै, गण्डकी-६ भुम्लिचोकस्थित त्रिशूली नदी किनारमा एउटा, गण्डकी-१ बुङ्वारस्थित नदी किनारमा एउटा तथा गण्डकी-४ फेवाटारमा एक पुरुषको शव फेला परेको छ।

यसैगरी गण्डकी-७ ज्यामिरेघाटमा एक पुरुषको शव र सहिदलखन गाउँपालिका-३ सिलिङटारस्थित नदी किनारमा तीन पुरुषको शव फेला परेको सूचना अधिकारी श्रेष्ठले बताउनुभयो । यसैगरी गण्डकी गाउँपालिका-१ बुटारस्थित निर्माणाधीन सुपर त्रिशूली जलविद्युत् आयोजनाभित्र पनि बाढी पसेको छ। त्यहाँ रहेका मजदुर र उपकरणलाई सुरक्षित ठाउँमा सारिएको सो आयोजनाका निरञ्जन रेग्मीले जानकारी दिनुभयो । भोटेकोशीमा गएको बाढीका कारण पृथ्वीराजमार्गसँग गोरखा जोड्ने दुई झोलुङ्गे पुल बगाएको छ । यस्तै, एउटा झोलुङ्गे पुल क्षतिग्रस्त बनाएको सूचना अधिकारी श्रेष्ठले बताउनुभयो। जिल्लाको गण्डकी गाउँपालिका-८ धवादीघाट र धादिङको चौकीटार जोड्ने झोलुङ्गे पुल बाढीले बगाएको हो।

त्यस्तै वडा नं ७ इटार र धादिङको चौकीटार जोड्ने झोलुङ्गे पुल समेत बगाएको सूचना अधिकारी श्रेष्ठले बताउनुभयो । बाढीले सहिदलखन गाउँपालिका-३ सिलिङटार र चितवनको कुरिनटार जोड्ने झोलुङ्गे पुल पूर्णरुपमा क्षति गरेको छ।

गण्डकी गाउँपालिका-७ स्थित धवादीघाटको पुलसँगै हिक्लुङघाट र पृथ्वी राजमार्गको फिस्लिङ पुल क्षतिग्रस्त बनाएको छ । यस्तै बेनीघाट सिउरेनटार जोड्ने मोटरेबल पुलमा पनि आंशिक क्षति पुगेको छ।

# नेपाल-चीन सीमा क्षेत्रमा हिम-चट्टान पहिरो जाँदा भोटेकोशी बाढी

**रासस**
काठमाडौं, १० भदौं

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले नेपाल-चीन सीमा क्षेत्रमा चट्टानसहितको हिमपहिरो गएको र त्यसका कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको देखिएको प्रारम्भिक निष्कर्ष निकालेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले रसुवागढी नाकाबाट करिब २० किलोमिटर उत्तरपूर्व नेपाल-चीन सीमामा गएको चट्टानसहितको हिमपहिरोका कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको र टिमुरे हुँदै उक्त बाढी त्रिशूली नदीमा मिसिएको प्रारम्भिक विश्लेषणबाट देखिएको जानकारी दिनुभयो।

"स्याटेलाइट तस्बिरको प्रारम्भिकविश्लेषणकाआधारमा रसुवागढी नाकाबाट करिब २० किलोमिटर उत्तरपूर्व नेपाल-चीन सीमामा चट्टानसहितको हिमपहिरो गएको देखिन्छ । त्यसकै कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको र टिमुरे हुँदै त्रिशूली नदीमा प्रवेश गरेको प्रारम्भिक अध्ययनबाट देखिएको छ," कार्यकारी प्रमुख डा उप्रेतीले भन्नुभयो।

# पालुङटारबाट गोसाइँकुण्ड गएका ३१ जना यात्रु सम्पर्कविहीन

**रासस**
गोरखा, १० भदौं

गोरखाको पालुङटार नगरपालिकाबाट रसुवाको गोसाइँकुण्ड तीर्थयात्रामा गएका ३१ जना सम्पर्कविहीन भएका छन् ।

पालुङटार नगरपालिका-५ ठाँटीपोखरीबाट ग२ख ११५२ नम्बरको बसमा गोसाइँकुण्ड यात्रामा गएका ३१ यात्रु आज बिहानदेखि सम्पर्कविहीन भएका पालिकाकी उपप्रमुख बन्दना पाण्डेले बताउनुभयो ।

बुधबार बिहान भोटेकोशीको बाढीको घटनालगत्तैदेखि उनीहरूको अवस्था अज्ञात रहेको पाण्डेले जानकारी दिनुभयो । "यहाँबाट दुईवटा माइक्रो र एउटा बसमा यात्रुहरू गोसाइँकुण्डतर्फ गएका थिए", उहाँले भन्नुभयो, "हाल दुईवटा माइक्रो बसका यात्रुहरू सुरक्षित अवस्थामा रहेको जानकारी प्राप्त भएको छ । बसमा सवार ३७ यात्रुमध्ये छ जनाले आफूहरू हामफालेर सुरक्षित रहेको जानकारी गराएका छन् । अन्यको अवस्था अज्ञात छ।" पालुङटारबाट तीर्थ गर्न गोसाइँकुण्ड गएका ३१ जना यात्रु सम्पर्कमा नरहेकोबारे आफूले पनि जानकारी पाएको प्रमुख जिल्ला अधिकारी तुलसी श्रेष्ठले बताउनुभयो । "३७ जना सवार रहेको बसबाट छ जना हामफालेर बचेको बाँकीको अवस्था अज्ञात छ", प्रजिअ श्रेष्ठले भन्नुभयो, "हामीले यहीअनुसार गृहमन्त्रालय र नुवाकोटसँग समन्वय गरेर सोधखोज गरिरहेका छौं।" बुधबार बिहान ९:०० बजे तिब्बती क्षेत्रबाट भोटेकोशीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवन आसपासको क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ।

# अस्ट्रेलियन क्यापिटल टेरिटोरीविरुद्धको खेलमा नेपाल 'ए' विजयी

**रासस**
काठमाडौं, १० भदौं

अस्ट्रेलियामा जारी टप एन्ड ट्वान्टी २० सिरिजअन्तर्गत अस्ट्रेलियन क्यापिटल टेरिटोरी (एसिटी) विरुद्धको खेलमा नेपाल 'ए' विजयी भएको छ।

अस्ट्रेलियाको डार्विनस्थित मरारा क्रिकेट मैदानमा बुधबार भएको खेलमा नेपाल 'ए'ले एसीटीलाई ४ विकेटले पराजित गरेको हो । एसिटीले दिएको १४१ रनको लक्ष्य नेपाल 'ए'ले १९.२ ओभरमा ६ विकेट गुमाएर पूरा गर्यो ।

नेपालका लागि कुशल भुर्तेलले उत्कृष्ट ब्याटिङ गर्दै ६१ रन बनाए । उनले ४७ बलमा ५ चौका र एक छक्का प्रहार गरे । त्यस्तै पवन सर्राफ २९ रनमा अविजित रहे । मयन यादवले २१ तथा लोकेश बमले १२ रन बनाए।

बलिङतर्फ एसिटीका ज्याक कहले ३ तथा जित मेहताले २ विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको एसीटीले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १४० रन बनाएको थियो । एसीटीका डिलन हन्टरले सर्वाधिक ४४ रन बनाए। एन्स टिवारी र निक ब्रोसले समान १९/१९ रन बनाए । बलिङतर्फ नेपालका कुशल भुर्तेलले तीन विकेट लिए भने युवराज खत्रीले दुई विकेट लिए। त्यस्तै पवन सर्राफ, बिपिन खत्री र शाहब आलमले समान एक एक विकेट लिए । प्रतियोगितामा नेपाल 'ए' को लगातार यो दोस्रो जित हो । यसअघि सोमबार भएको खेलमा नेपाल 'ए'ले होबार्ट हरिकेन्स एकेडेमीलाई ३९ रनले पराजित गरेको थियो। त्यसअघि नेपाल 'ए' पहिलो खेलमा एनटी स्ट्राइकसँग ८ विकेट तथा बङ्गलादेशको ए टोलिसङ ९ विकेटले पराजित भएको थियो।

त्यस्तै एसिटी भने प्रतियोगितामा जितविहीन रहेको छ। यस अघि तीन खेल खेलेको एसिटी किङ्समेनसँग ६ विकेट, भिक्टोरिया सिए-११ सँग ८ विकेट तथा एनटी स्ट्राइकसँग ६ विकेटले पराजित भएको थियो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# सरकारको पहिलो काम उद्दार र राहत

भोटेकोसी नदीमा आएको अचानकको विनाशकारी बाढी मनसुनी वर्षा वा बादल फाटेर आएको नभएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। प्रारम्भिक वैज्ञानिक अध्ययनअनुसार यो घटना हिमाली क्षेत्रमा भएको जटिल ‘चेन रियाक्सन’को परिणाम हुनसक्ने देखिएको छ । हिउँ र चट्टानसहितको ठूलो हिमपहिरोले लेन्दे नदी थुनेर अस्थायी प्राकृतिक बाँध बनेको र पछि उक्त बाँध फुट्दा वा बाँध माथिबाट पानी बग्दा तल्लो क्षेत्रमा भोटेकोसी नदी प्रणालीमा अचानक ठूलो बाढी आएको हुन सक्ने आकलन गरिएको छ। काठमाडौं विश्वविद्यालयका हिमनदीविद् रिजनभक्त कायस्थका अनुसार नेपाल र चीनका वैज्ञानिकबीच भएको छलफलले पनि लेन्दे नदी हिमपहिरोका कारण थुनिएको हुनसक्ने तथ्यतर्फ संकेत गरेको छ । बाढी आउनुअघि बुधबार बिहान ८:३७ बजे तिब्बती क्षेत्रमा ४.४ म्याग्निच्युडको भूकम्प रेकर्ड भएको थियो। त्यसपछि नेपालका विपद् व्यवस्थापन अधिकारीहरूले भूकम्पका कारण पहिरो वा हिमपहिरो खसेर नदी थुनिएको हुनसक्ने सम्भावना व्यक्त गरेका छन् ।

प्रारम्भिक रूपमा यो घटना हिमताल फुटेर आएको बाढी हुनसक्ने अनुमान गरिए पनि हालसम्म कुनै हिमताल फुटेको वा सुकेको स्पष्ट प्रमाण नभेटिएको बताइएको छ। भूगर्भविद् रञ्जनकुमार दाहालका अनुसार बाढीको ठूलो परिमाणलाई हेर्दा हिमनदीको भूमिकालाई पूर्ण रूपमा नकार्न सकिँदैन। यसअघि ८ जुलाई २०२५ मा पनि सीमित वर्षाका बीच नेपाल-चीन सीमाबाट करिब ३५-३६ किलोमिटर माथि तिब्बतस्थित पुरेपु हिम नदीको ‘सुप्राग्लेसियल’ तालबाट पानी आकस्मिक रूपमा बाहिरिएपछि लेन्दे-भोटेकोसी प्रणालीमा ठूलो बाढी आएको अध्ययनले देखाएको थियो । अमेरिकी भूगर्भ सर्वेक्षणका अनुसार हिमपहिरोले पनि नदी थुनेर अस्थायी ताल निर्माण गर्न सक्छ । त्यसैले पहिलेदेखि बनेको हिमताल फुट्नैपर्ने अवस्था नभइ हिमपहिरोले नदी थुनेर बनेको अस्थायी ताल फुट्दा पनि विनासकारी बाढी आउन सक्ने सम्भावना हुन्छ। हाल वैज्ञानिक तथा अनुसन्धानकर्ताहरू भूकम्प, हिमपहिरो र नदी थुनिएर पानी जम्मा भएको समयबीचको सम्बन्धबारे विस्तृत अध्ययनमा जुटेका छन् । बाढीको वास्तविक कारण यकिन गर्न थप स्याटेलाइट तथा स्थलगत अध्ययन आवश्यक देखिएको छ।

बाढी आएलगत्तै बसेको मन्त्रिपरिषद्को बैठकले नागरिकको जीवन रक्षाका लागि सरकारले सम्पूर्ण संयन्त्र परिचालन गर्ने र सो अनुरुप सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको छ । सरकारले बाढी प्रभावित जिल्लाका स्थानीय तहलाई तीन महिना विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको छ । बुधबार सिंहदरबारमा बसेको आकस्मिक मन्त्रिपरिषद्को बैठकले सो निर्णय गरेको हो । सरकारका प्रवक्ता एवम् शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३२ बमोजिम विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको जानकारी दिए। निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, नेपाली सेना र सरकारी अस्पतालले मिलाउने निर्णय भएको छ। बाढी पहिरोबाट घाइते एवम् विचल्लीमा परेका व्यक्तिहरुको तत्काल उद्धार गरी सुरक्षित स्थानमा सार्ने व्यवस्था गृह मन्त्रालय र रक्षा मन्त्रालयले मिलाउने निर्णय भएको छ । यसका कार्यका लागि नेपाली सेना तथा निजी क्षेत्रका हेलिकोप्टरको परिचालन गर्ने र गृहमन्त्रीलाई उद्धारमा आवश्यक सबै साधन हेलिकोप्टरसहित परिचालन गर्न निर्देशन दिने निर्णय भएको छ । घर तथा निवास गुमाएका व्यक्तिलाई सुरक्षित स्थानमा सारी खाने, बस्ने व्यवस्था गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सम्बन्धित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले जनाउने बताइएको छ।

उक्त घटनाबाट अवरुद्ध हुन पुगेको सडकहरु पुनः सञ्चालन र आवश्यक खानेपानीको व्यवस्था यथाशिघ्र सञ्चालन गर्ने प्रबन्ध ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणले मिलाउनेछ । अवरुद्ध हुन पुगेका विद्युत् यथाशिघ्र सञ्चालन गर्ने, अवरुद्ध दूरसञ्चारको तत्काल सञ्चालनको व्यवस्था गर्ने, क्षति भएका सार्वजनिक संरचना तथा भौतिक पूर्वाधारको तत्काल सञ्चालन तथा पुनर्निर्माण गर्न आवश्यक पर्ने आर्थिक स्रोत परिचालनको समन्वय गर्ने जिम्मेवारी अर्थमन्त्रीलाई दिने निर्णय भएको छासंसद बैठक स्थगन भएको हुंदा अब सरकार उद्धार, राहत र पुनःस्थापना र पुनर्निर्माणमा सबैलाई समेटेर लानुपर्छ। सरकारको दायित्व हो ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
पर्वत, कुश्मा

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा यस जिल्लास्थित विहादी गाउँपालिका वडा नं १ बस्ने भारतीय सेनाका भु.पु.नं ७११६००१ H का हनेरी नायव सुवेदार भिम बहादुर क्षेत्री श्रीमती हरि कुमारी खड्का भन्ने पुतली देवी क्षेत्रीको नेपाली नागरिकता प्रमाणपत्र नं १९१२ मा नामथर हरि कुमारी खड्का भन्ने पुतली देवी क्षेत्री, जन्ममिति वि.सं २०१७।११।२० उल्लेख भएको र निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर पुतली देवी, जन्ममिति सन् १९६२-११-१५ वि.सं. २०१९।०७।३० उल्लेख भई नामथर र जन्ममिति फरक भएता पनि दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी विहादी गाउँपालिका १ नं. वडा कार्यालय, पर्वतको च.नं. १२९ मिति २०८३।०५।०२ को पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ ।

**प्रमुख जिल्ला अधिकारी**

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. १० साविक भकुण्डे गा.वि.स. वडा नं. १ निवासी भारतीय भू.पू. सैनिक नं ५७५०७१८३/८ G.R. नायक धन बहादुर थापाको आफ्नो नेपाली नागरिकतामा भएको जन्म मिति र भारतीय पेन्सन अभिलेखमा भएको जन्ममिति तपशिल बमोजिमको फरक परेता पनि व्यक्ति फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका, १० नं. वडा कार्यालय, भकुण्डे, बागलुङको च.नं. १८७, मिति २०८३/०५/०९ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

तपशिल

| क्र.सं. | आफ्नो नेपाली नागरिकतामा भएको नामथर र जन्म मिति | भारतीय पेन्सन अभिलेखमा भएको नामथर र जन्म मिति |
|---|---|---|
| १. | नामथर: धन बहादुर थापा<br>जन्ममिति: २०१९/०३/०५<br>(19th June, 1962) | नामथर: धन बहादुर थापा<br>जन्ममिति: २०२१/०४/२०<br>(4th August, 1964) |

**प्रमुख जिल्ला अधिकारी**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १६ निवासी भारतीय भु.पु.सै.नं. ५८४४८३९F का हवल्दार बलराम भण्डारीको माग निवेदन अनुसार निजको छोरा हेमन्त भण्डारीको ना.प्र.नं.४६१००१/२०२२६ जारी मिति २०६९।०४।३२ कास्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर हेमन्त भण्डारी र जन्ममिति वि.सं. २०५२।०१।०६ (ई.सं. १९९५।०४।१९) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको छोराको नामथर हेमन्तराज भण्डारी र जन्ममिति वि.सं. २०५१।०१।०६ (ई.सं. १९९४।०४।१९) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनी पोखरा महानगरपालिका १६ नं. वडा कार्यालयको च.नं. ५५४ मिति २०८३।०५।०४ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



पर्वत जिल्ला पैयूँ गाउँपालिका वडा नं. ६ बस्ने भारतीय भु.पु. सैनिक नं. ५०३९९५८ नायक ओम बहादुर थापाको श्रीमती विष्णु कुमारी थापाको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर विष्णु कुमारी थापा, जन्म मिति वि.सं. २०१४/०१/०५ (१९५७/०४/१७ई.सं.) उल्लेख तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा निजको नामथर विष्णु कुमारी (Bishnu Kumari), जन्म मिति वि.सं. २०१४/०४/२० (१९५७-०८-०४ ई.सं.) उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर, जन्म मिति फरक परेता पनि उल्लेखित फरक नामथर, जन्म मिति भएको व्यक्ती एउटै भएको भनी पैयूँ गाउँपालिका ६ नं. वडा कार्यालय पर्वतको च.नं. ७८, मिति २०८३/०५/०८ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १६ निवासी भारतीय भु.पु. सै.नं. ५८४४८३९F का हवल्दार बलराम भण्डारीको माग निवेदन अनुसार निजको छोरा विवस भण्डारीको ना.प्र.नं.४६१००१/८६८५ जारी मिति २०६६।०३।०५ कास्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नामंथर विवस भण्डारी र जन्ममिति वि.सं. २०५०।०३।०४ (ई.सं. १९९३।०६।१८) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको छोराको नामथर ठाकुर प्रसाद भण्डारी र जन्ममिति वि.सं. २०४८।०३।१६ (ई.सं.१९९१।०६ । ३०) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनी पोखरा महानगरपालिका १६ नं. वडा कार्यालयको च.नं. ५५७ मिति २०८३।०५।०४ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# कल्प मिडिया कप फुटसलको मुख्य सहयोगीमा ‘सीडीएच’

पोखरापत्र संवाददाता
पोखरा, १० भदौं

कल्प मिडियाद्वारा संचालित नयाँलिपि न्यूज डटकमको आयोजनामा असोज २ गते सुरु हुने गण्डकी प्रदेशस्तरीय ‘मिडिया कप फुटसल प्रतियोगिता-२०८३’ को मुख्य सहयोगीमा चर्चित क्याफ्टेरिया ‘सीडीएच’ रहेको छ।

पोखराको लेकसाइडस्थित गौरीघाटमा रहेको क्याफे डी हिमालयज (सीडीएच)का सीइओ मनोज गुरुङ र कल्प मिडियाका अध्यक्ष सुरज श्रेष्ठबीच भएको सम्झौतामा सीडीएच मुख्य सहयोगकी रहने बताइएको छ।

पोखरा रंगशालाको मल्टिपर्पोज खेल मैदानमा असोज २ र ३ गते प्रतियोगिता सञ्चालन हुने मिडिया कप फुटसलको तयारी तीब्र पारिएको जनाउँदै अध्यक्ष श्रेष्ठले अन्य संस्थासँग साझेदारीका काम भइरहेको बताएका छन् ।

अध्यक्ष श्रेष्ठले दिएको जानकारी अनुसार प्रतियोगिताको विजेताले नगद ५० हजार रुपैयाँ, शिल्ड, प्रमाणपत्र र मेडल प्राप्त गर्नेछन् । त्यसैगरी दोस्रो हुने टोलीले नगद ३० हजार रुपैयाँ, शिल्ड, प्रमाणपत्र र मेडल पाउनेछन् । प्रतियोगितामा व्यक्तिगत विधातर्फ पनि पुरस्कारको व्यवस्था गरिएको छ। आयोजकका अनुसार सर्वोत्कृष्ट खेलाडी, सर्वोत्कृष्ट प्रशिक्षक र सर्वोत्कृष्ट गोलकिपरलाई जनही ५ हजार रुपैयाँ प्रदान गरिनेछ ।

प्रत्येक खेलमा ‘म्यान अफ दि म्याच’ हुने खेलाडीले १५ सय रुपैयाँ पुरस्कार पाउनेछन् । सहभागी जिल्लालाई मायाको चिनो र प्रमाणपत्र समेत प्रदान गरिने श्रेष्ठले बताए ।

खेलाडीले एक प्रति पासपोर्ट साइजको फोटोसहित नेपाल पत्रकार महासंघ वा सूचना विभागको कार्डको प्रतिलिपि र सम्बन्धित जिल्लाको महासंघबाट सहभागी हुन लेखिएको पत्रसमेत उपलब्ध गराउनु पर्ने उनले प्रष्ट पारे ।

प्रतियोगितामा सहभागी हुन चाहने टोलीले भदौ २० गतेभित्र टिम दर्ता गर्नु पर्ने छ। टिम दर्ता शुल्क ३ हजार रुपैयाँ तोकिएको छ । सीडीएचको कफी प्रशोधन गर्ने ‘ब्लूसीप’ आउटलेट र न्यूर ोडमा कफी एकेडेमिक्स नामक बारिस्ता तालिम सेन्टर रहेको छ।

# माया गुरुङ सांगीतिक साँझको तयारी तीव्र

पोखरापत्र संवाददाता
लमजुङ, १० भदौं

आगामी असोज १० गते बेंसीशहरको फूलबारी मञ्चमा आयोजना गरिने माया गुरुङ सांगीतिक साँझको प्रचारप्रसारलाई तीव्र पारिएको छ।

आयोजक राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान जिल्ला कार्य समिति लमजुङले कार्यक्रमको तयारी समेत तीव्र पारेको जनाएको छ । प्रतिष्ठानका अध्यक्ष प्रशान्त तामाङले स्थानीय तहको जनप्रतिनिधि, समाजका अगुवा, संघसंस्थाका प्रमुख तथा प्रतिनिधि, विभिन्न समुदायसँग भेटघाट तीव्र पारिएको बताउनुभयो । यस्तै, सामाजिक सञ्जालमा पोष्टर प्रयोग भइरहेको बताउनुभयो । प्रचारप्रसार अन्तरगत ठाउँठाउँमा व्यानर टाँग्ने कार्यक्रम समेत सुरु भएको बताउनुभयो ।सांगीतिक साँझको लागि बेंसीशहरस्थित न्हाँदा ट्हो (नाल्मा समाज) ले सह-आयोजकको भूमिकामा रहने गरी सहमति भएको प्रतिष्ठानका अध्यक्ष तामाङले बताउनुभयो । उहाँका अनुसार बेंसीशहर नगरपालिका ५, नाल्मा घर भइ हाल बेंसीशहरमा बस्दै आएका नाल्मालीहरुको समाज न्हाँदा ट्हो (नाल्मा समाज) सह-आयाजक हुने गरी सहमति भइसकेको छ । समाजका अध्यक्ष क्या. चित्रबहादुर गुरुङको अध्यक्षतामा बसेको बैठकमा उक्त सहमति भएको उहाँले बताउनुभयो । प्रतिष्ठानले मंगलबार क्व्होलासोथार गाउँपालिका अध्यक्ष सूर्यप्रसाद गुरुङ र उपाध्यक्ष गमीमाया गुरुङ साथै मर्स्याङ्दी गाउँपालिका अध्यक्ष अर्जुन गुरुङसंग भेटघाट र छलफल गरेको छ । यसअघि नाल्मा समाज काठमाडौं, नाल्मा समाज पोखरा, तमु ह्यूला छोंज धीं गुरुङ राष्ट्रिय परिषद् बेसीशहर इकाई, आदिवासी जनजाति महासंघ जिल्ला कार्य समिति लमजुङ, विभिन्न क्लव, आमा समूह साथै नाल्मा गाउँवासीसंग छलफल अन्तरक्रिया गरिसकेको प्रतिष्ठानका सचिव चित्र दुराले बताउनुभयो र यस्तै, विभिन्न वडा कार्यालयहरु, जनप्रतिनिधि, कर्मचारीसँग छलफल भइरहेको प्रतिष्ठानका सदस्य निक्की थापाले बताउनुभयो । बुधबारमात्रै लमजुङ उद्योग बाणिज्य संघ, लमजुङ साइक्लिङ संघ, बेंसीशहर नगरपालिका वडा नं. ७ महिला सञ्जालसँग छलफल अन्तरक्रिया गरिएको छ । वरिष्ठ लोक गायिका माया गुरुङको नाममा आयोजना गरिने यस सांगीतिक साँझका लागि पोखरामा बाध्यवादनसहित कलाकार हरुको गायन पूर्वअभ्यासको तयारी भइरहेको माया गुरुङ सांगीतिक साँझका कार्यक्रम संयोजक अनुज अधिकारीले बताउनुभयो । उहाँका अनुसार सांगीतिक साँझको तयारी र प्रचारप्रसारसंगै देशविदेशबाट सहयोग गर्ने क्रम पनि बढेको छ।

अग्रज गायिकाको सम्मान साथै कलाकार कल्याणकारी कोष स्थापना गर्ने उद्देश्यले आयोजना गर्न लागिएको माया गुरुङ सांगीतिक साँझको तयारीमा देशविदेशमा रहेका लमजुङेहरु जुटेको आयोजक राष्ट्रिय लोक तथा दोहोरीगीति प्रतिष्ठान नेपाल, जिल्ला कार्य समिति लमजुङले जनाएको छ।

# प्रदेश प्रमुख भट्टद्वारा दुःख व्यक्त

पोखरापत्र संवाददाता
पोखरा, १० भदौं

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले भोटेकोशी र त्रिशूली नदीमा आज बिहान गएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायत तटीय क्षेत्रमा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्नुभएको छ।

बुधबार साँझ वक्तव्य जारी गर्दै उहाँले बाढीमा बेपत्ताहरूको खोजी, उद्धार, राहत तथा उपचार कार्यमा कुनै कमी हुन नदिन सम्बन्धित सबै पक्षलाई आग्रह गर्नुभएको छ। प्रदेश प्रमुख भट्टले बाढीमा परी ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ।

नेपाल सरकार, प्रदेश सरकार, सुरक्षा निकाय, स्थानीय तह, राजनीतिक दल, सामाजिक सङ्घसंस्था र आम नागरिकलाई आ-आफ्नो क्षेत्रबाट उद्धार तथा राहत कार्य प्रभावकारी बनाउन एकजुट हुन पनि प्रदेश प्रमुख भट्टले आग्रह गर्नुभएको छ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ नगरपालिका वडा नं. १० साविक भकुण्डे गा.वि.स. वडा नं. १ निवासी भारतीय भू.पू. सैनिक नं **५७५०७१८** ३/८ G.R. नायक **धन बहादुर थापा**को श्रीमती चमेली थापा मगर्नीको आफ्नो नेपाली नागरिकतामा भएको नामथर, जन्म मिति र श्रीमानको भारतीय पेन्सन अभिलेखमा भएको नामथर, जन्ममिति तपशिल बमोजिमको फरक परेता पनि व्यक्ति फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका, १० नं. वडा कार्यालय, भकुण्डे, बागलुङको च.नं. १८६, मिति २०८३/०५/०९ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**तपशिल**

| क्र.सं. | आफ्नो नेपाली नागरिकतामा भएको नामथर र जन्म मिति | भारतीय पेन्सन अभिलेखमा भएको नामथर र जन्म मिति |
|---|---|---|
| १. | नामथर: चमेली थापा मगर्नी<br>(Chameli Thapa Magarni)<br>जन्ममिति: २०२२/०४/०५<br>(20th July, 1965) | नामथर: चमेली मगर्नी<br>(Chameli Magarni)<br>जन्ममिति: २०२४/०३/१२<br>(26th June, 1967) |

**प्रमुख जिल्ला अधिकारी**

## एउटै व्यक्ति भएको सूचना



लमजुङ जिल्ला साविक गौंडा गा.वि.स. वडा नं. ०९ हाल दूधपोखरी गाउँपालिका वडा नं. ०६ बाट २०७८/११/०१ मा बसाइसराई गरी लमजुङ जिल्ला सुन्दरबजार नगरपालिका वडा नं. ०७ स्थायी ठेगाना भएका भारतीय भु.पु. सैनिक नं. ५३४४८४८A Rank-H/Nbsub पूर्ण बहादुर गुरुङको श्रीमती इन्द्र कुमारी गुरुङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. २६५०) मा नामथर **डि माया गुरुङ भन्ने इन्द्र कुमारी गुरुङ** उल्लेख भएको र भारतीय सैनिक अभिलेखमा नामथर इन्द्र कुमारी गुरुङ उल्लेख भई नामथर फरक परेता पनि उल्लेखित फरक-फरक नामथर गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको बेहोरा सुन्दरबजार नगरपालिका ०७ नं. वडा कार्यालयको च.नं. ०९ मिति २०८३/०४/०४ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, लमजुङ**

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला बडिगाड गाउँपालिका वडा नं. २ निवासी जस बहादुर श्रीस भारतिय सैनिक पेन्सन पट्टा नं. JC १९३९३३ N सुवेदार जस बहादुर थापाको श्रीमती पोवि श्रीस (ना.प्र.नं. ९०-१७११)को नेपाली नागरिकता प्रमाणमा नाम थर पोवि श्रीस र जन्म मिति वि.सं. २०१६/०१/१० उल्लेख भएको र निजको श्रीमानको भारतिय सैनिक पेन्सन पट्टामा श्रीमतीको नाम थर पुर्णमाया थापा र जन्म मिति ई.सं. १९५९/०३/१९ उल्लेख भई फरक परेतापनि उल्लखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी बडिगाड गाउँपालिका, २ नं. वडा कार्यालय, खर्बाङ, बागलुङको च.नं. ७४१, मिति २०८३/०३/२६ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
लमजुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला साविक कोल्की गा.वि.स.वडा नं. ७ हाल दुधपोखरी गा.पा ०५ निवासी भारतिय भु.पु. सै.नं. ५२३९२५७ 3rd GR का हवलदार मान सिङ गुरुङको श्रीमती मन सुवा को नेपाली नागरिकल प्रमाण पत्रमा नाम थर मन सुवा गुरुङ भएको र श्रीमानको पेन्सन अभिलेखमा नाम थर मन सुवा भई फरक परेता पनि व्यक्ति एउटै भएको दुधपोखरी गा.पा ०५ वडा कार्यालयको च.नं ५७६ मिति २०७८/११/२३ को सिफारिस अनुसार उल्लेखित फरक नामथर भएको व्यक्ति एकै भएको व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि सिफारिस साथ अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला बडिगाड गाउँपालिका वडा नं. २, खर्बाङ निवासी हुकुम बहादुर घिमिरेको बुहारी भारतिय भू.पू.सै.नं. ०४०६५३५७ H का हरि वहादुर क्षेत्रीको श्रीमती नुन कली क्षेत्रीको नेपाली नागरिकतामा नामथर नुन कली क्षेत्री (शान्ति देवी) उल्लेख भएको र निजको श्रीमानको भारतिय पेन्सन पट्टाको सिटरोलमा श्रीमतीको नाम थर शान्ति देवी क्षेत्री उल्लेख भई नाम थर फरक परेतापनि उल्लिखित दुई नाम थर नुन कली क्षेत्री (शान्ति देवी) र शान्ति देवी क्षेत्री भएको व्यक्ति फरक नभई एउटै भएको भनी बडिगाड गाउँपालिका, २ नं. वडा कार्यालय, खर्बाङ, बागलुङको च.नं. ९६, मिति २०८३/०४/२७ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. १ निवासी भारतिय सेना भू.पू. नं. १४३७६८३५ एक्स हनरी नायक सुवेदार कृष्ण वहादुर क्षेत्री के.सी.को श्रीमती मैया के.सी.को नेपाली नागरिकता प्रमाणपत्रमा नाम मैया के.सी. र जन्म मिति वि.सं. २०२६/११/१५ (ई.सं. १९७०/०२/२६) भएको र श्रीमानको भारतिय पेन्सन डकुमेन्टमा श्रीमतीको नाम थर माया कुमारी र जन्म मिति वि.सं. २०२४/१२/२० (ई.सं. १९६८/०४/०२) उल्लेख भई फरक परेतापनि उल्लखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी बागलुङ नगरपालिका, १ नं. वडा कार्यालय, रामरेखा, बागलुङको च.नं. ८४, मिति २०८३/०५/०२ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि प्रमाणित गरिन्छ ।

**प्रमुख जिल्ला अधिकारी**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं १६ निवासी भारतीय भु.पु.सै.नं. ५८४४८३९F का हवल्दार बलराम भण्डारीको माग निवेदन अनुसार निजको छोरा कृष्ण भण्डारीको ना.प्र.नं.४६१००१/३५२४ जारी मिति २०६५।०३।०१ कास्कीको नेपाली नागरिकता प्रमाणपत्रमा जन्ममिति वि.सं. २०४८।१२।०१ (ई.सं.१९९२।०३।१४) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको छोराको जन्ममिति वि.सं. २०४५।१२।०१ (ई.सं. १९८९।०३।१४) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनी पोखरा महानगरपालिका १६ नं. वडा कार्यालयको च.नं. ५५६ मिति २०८३।०५।०४ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं १६निवासी भारतीय भु.पु.सै.नं. ५८४४८३९F का हवल्दार बलराम भण्डारीको माग निवेदन अनुसार निजको श्रीमती राधिका देवी भण्डारीको ना.प्र. नं.१००९६३ जारी मिति २०५६।११।१७ कास्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर राधिका देवी भण्डारी र जन्ममिति वि.सं. २०२३।०७।२६ (ई.सं.१९६६।११।११) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर राधिका देवी र जन्ममिति वि.सं. २०२२।०१।१२ (ई.सं.१९६५।०४।२४) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनी पोखरा महानगरपालिका १६ नं. वडा कार्यालयको च.नं. ५५५ मिति २०८३।०५।०४. को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# बृहत रक्तदान अभियान सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं



ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयकी पूर्व मुख्य प्रशासिका दादी प्रकाशमणि ज्यूको १९औं स्मृति तथा विश्व बन्धुत्व दिवसको पावन अवसरमा ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय राजयोग प्रशिक्षण केन्द्र नेपालद्वारा आयोजित बृहत रक्तदान अभियान मंगलबार सम्पन्न भएको छ।

मानव सेवा तथा विश्व बन्धुत्वको भावनालाई व्यवहारमा चरितार्थ गर्ने उद्देश्यले भदौ ५ गतेदेखि ९ गतेसम्म (तदानुसार अगस्ट २१ देखि २५, २०२६) देशका विभिन्न स्थानमा सञ्चालन गरिएको यस अभियानमा रक्तदाताहरू विभिन्न संघसंस्था, सामाजिक अभियन्ता, युवा तथा स्वयंसेवकहरूको उत्साहजनक सहभागिता रहेको थियो । रक्तदान अभियानको शुभारम्भ ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय क्षेत्रीय कार्यालय पोखरा फुलबारी स्थित गण्डकी प्रदेश जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी श्रीमान् कुमान सिंह गुरुङको प्रमुख आतिथ्यतामा साथै ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय राजयोग प्रशिक्षण केन्द्र नेपालका अध्यक्ष एवं निर्देशक राजयोगिनी ब्रह्माकुमारी परनीता दिदी ज्यू साथै नेपालका महासचिव ब्रह्माकुमार शैलेषराज बराल ज्यूको उपस्थितिमा भएको थियो।

दादी प्रकाशमणिज्यूको पुण्य स्मृतिलाई मानव सेवासँग जोड्दै आयोजना गरिएको यस अभियान मार्फत रक्तदान जीवन बचाउने महान सेवा हो भन्ने सन्देश प्रवाह गर्नुका साथै समाजमा आपसी सहयोग, करुणा, परोपकार र विश्व बन्धुत्वको भावनालाई अभिवृद्धि गर्ने प्रयास गरिएको हो ।

अभियान अन्तर्गत भदौ ५ देखि ९ गतेसम्म विभिन्न स्थानमा सञ्चालन गरेका रक्तदान कार्यक्रमबाट कुल ८६९४ पिन्ट रक्त संकलन भएको छ। दिन अनुसार भदौ ५ गते १४१५ पिन्ट, भदौ ६ गते ३११८ पिन्ट, भदौ ७ गते १८६६ पिन्ट, भदौ ८ गते ८७१ पिन्ट र भदौ ९ गते १४३६ पिन्ट रक्त संकलन भएको थियो भने गत वर्ष आयोजित रक्तदान अभियानमा ११९१६ पिन्ट रक्त संकलन भएको थियो । यस अभियानलाई सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी एवं शुभेच्छुक महानुभावहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

# गाउँ फर्किएर दाजुभाइले सुरु गरेको कुखुरापालन...

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० भदौं



काठमाडौँमा होस्टेल (छात्रावास) र रेष्टुरेन्ट सञ्चालन गरेर उच्च शिक्षा हासिल गरिरहेका बेनी नगरपालिका-२ गौस्वाराका दीर्घ रिजालले विस २०७७ मा विश्वव्यापी फैलिएको कोरोना महामारीका कारण व्यवसाय बन्द गरेर गाउँ फर्कनुपर्ने बाध्यता आयो ।

बाध्यताले गाउँ फर्किएका दीर्घ र न्युजिल्यान्डमा स्नाकोत्तर उत्तीर्ण गरेर आएका भाइ मुकुन्द रिजालले कोरोना महामारी साम्य भएपछि सुरु गरेको कुखुरापालन व्यवसायले आत्मनिर्भर, स्वरोजगार र सफल उद्यमीको पहिचान बनाएका छन् । "विदेशबाट पढेर आएका भाइले बनाएको कुखुरापालनको योजनालाई साथ दिएर बेनी बजार नजिकैको खबरा लभ्लीहिलमा १४ रोपनी जग्गा भाडामा लिएर सुरु गरेको रिजाल एग्रो फार्म हाल रत्नेचौर, कुरिलाखर्क, बरबुटा र चुत्रेनीमा विस्तार भएको छ। व्यवसायी दीर्घले भन्नुभयो, "हाल सात हजार लेयर्स र पाँच हजार ब्रोइलर कुखुरा छन् । परिवारका चार जना सदस्यसहित २० जनाले रोजगारी पाएका छौ ।" रु दुई करोड लगानी रहेको फार्मले गत वर्ष रु १६ करोडभन्दा बढीको कारोबार गरेको उहाँले बताउनुभयो। "सुरुआती दिनमा बैङ्कले ऋण नपत्याएको र ग्राहकलाई पनि उत्पादनको बारेमा बुझाउनुपर्ने अवस्था थियो," उहाँले भन्नुभयो "निरन्तरता र गुणस्तरमा जोड दिएका कारण रिजाल एग्रोको आफ्नै ब्रान्ड बनेको छ । बजारमा मासु, अण्डा र कुखुराको बिक्रीमा समस्या छैन ।"

जिल्ला सदरमुकाम बेनी र आसपासका स्थानीय बजारमै अण्डा खपत हुने गरेको छ। फार्ममा उत्पादन भएका अण्डाका साथै उद्योगबाट दाना ल्याएर बिक्री गर्ने बेनी बजारमा पसल पनि सञ्चालन गरिएको छ।

कुखुराको मासुको माग उच्च रहेकाले बेनी बजार वरपरका क्षेत्रमा खाली रहेका खोरहरू भाडामा लिएर ब्रोइलर जातको कुखुरापालन विस्तार गरेको सञ्चालक रिजालले बताउनुभयो।


# सूर्य ब्लेण्डर्स प्रा. लि.
# आँबु खैरेनी, तनहुँ

## मूल्य सूची सम्बन्धमा सूचना

यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. ०८३/०८४ का लागि मिति २०८३/०५/१५ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मूल्यमा अन्त:शुल्क र मू.अ.कर समेत समावेश गरिएको छ ।

| ब्राण्ड | मि.लि. | यू. पी. | रिजनल डिष्ट्रिब्यूटर्स मुल्य प्रति कार्टून | रिजनल डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टून | डिष्ट्रिब्यूटर्स मुल्य प्रति कार्टून | डिष्ट्रिब्यूटर्स कमिशन प्रति कार्टून | होलसेल मुल्य प्रति कार्टून | होलसेल कमिशन प्रति कार्टून | रिटेल मुल्य प्रति कार्टून | रिटेल कमिशन प्रति कार्टून | उपभोक्ता मुल्य प्रति कार्टून | उपभोक्ता मुल्य प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मिराकल, ब्यालेन्स | 180 | 50 | 6800.00 | 200.00 | 7000.00 | 400.00 | 7400.00 | 400.00 | 7800.00 | 1080.00 | 8880.00 | 185.00 |
| IMAGE carbon Black / Premium | 500 | 50 | 6350.00 | 150.00 | 6500.00 | 320.00 | 6820.00 | 380.00 | 7200.00 | 900.00 | 8100.00 | 450.00 |
| IMAGE 180 ML | 180 | 50 | 6350.00 | 150.00 | 6500.00 | 320.00 | 6820.00 | 380.00 | 7200.00 | 960.00 | 8160.00 | 170.00 |
| Twenty- Twenty | 180 | 50 | 6250.00 | 150.00 | 6400.00 | 250.00 | 6650.00 | 350.00 | 7000.00 | 920.00 | 7920.00 | 165.00 |
| उत्सव एप्पल फ्लेवर , उत्सव XXX, उत्सव दूधिया स्पेशल | 180 | 50 | 6050.00 | 150.00 | 6200.00 | 250.00 | 6450.00 | 250.00 | 6700.00 | 980.00 | 7680.00 | 160.00 |
| उत्सव सूनामी स्ट्रोङ,सूनामी एक्स्ट्रा ड्राई , एक्स्ट्रीम, मिराज,सूनामी स्ट्रोङ, | 180 | 50 | 5850.00 | 150.00 | 6000.00 | 250.00 | 6250.00 | 250.00 | 6500.00 | 940.00 | 7440.00 | 155.00 |
| X-CITE GOLD, ARROW EXTRA STRONG | 300 | 70 | 1370.00 | 30.00 | 1400.00 | 85.00 | 1485.00 | 90.00 | 1575.00 | 225.00 | 1800.00 | 60.00 |
| XCITE, KARUWA APPLE, KARUWA PREMIUM | 300 | 70 | 1320.00 | 30.00 | 1350.00 | 80.00 | 1430.00 | 90.00 | 1520.00 | 280.00 | 1800.00 | 60.00 |
| KARUWA BLUE, 4G | 300 | 70 | 1230.00 | 20.00 | 1250.00 | 80.00 | 1330.00 | 90.00 | 1420.00 | 230.00 | 1650.00 | 55.00 |
| KARUWA(Litchi/Nimbu/Pineapple), ARROW APPLE, FATAFAT, FATAFAT GREEN , 4 STAR | 300 | 70 | 1130.00 | 20.00 | 1150.00 | 70.00 | 1220.00 | 80.00 | 1300.00 | 200.00 | 1500.00 | 50.00 |
| करुवा ठेकी दूधिया/ब्ल्याक, करुवा दूधिया /ब्ल्याक, पानश दूधिया /ब्ल्याक, एरो दूधिया /ब्ल्याक | 300 | 70 | 1130.00 | 20.00 | 1150.00 | 70.00 | 1220.00 | 80.00 | 1300.00 | 200.00 | 1500.00 | 50.00 |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा व्यवसायको आवश्यकता अनुसार विभिन्न व्यापारिक एवम् अन्य छूटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोध भर्ना दिन सकिने छ ।